नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङवेशी, धादिङ

बागमती प्रदेश, नेपाल

पत्रसङ्ख्याः ०७८।०७९ च.नं.: २८४४ मितिः-२०७९/०२/११

विषयः बालमैत्री स्थानीय शासन कार्यान्वयन सम्बन्धमा।

श्री वडा कार्यालय (सबै),
नीलकण्ठ नगरपालिका, धादिङ ।

यस नगरपालिकाको दोस्रो नगरसभाको निर्वाचन पश्चात बसेको पहिलो नगर कार्यपालिकाको बैठकले यस नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने निर्णय गरेको छ । बालमैत्री स्थानीय तह घोषणा गर्नको लागि नेपाल सरकारले तय गरेका निश्चित सूचकहरूको प्राप्ति हुनुपर्दछ । वडास्तरबाट नगर कार्यपालिकाको कार्यालयसम्म पदाधिकारी तथा कर्मचारीहरूले निश्चित जिम्मेवारी पूरा गरी एकीकृत रूपमा सूचकहरू प्राप्ति गर्नेतर्फ सबैको समन्वयात्मक भूमिका रहेको हुन्छ । यस सम्बन्धमा विस्तृत जानकारी यसैसाथ संलग्न नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको "बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८" बाट प्राप्त हुनेनै छ । संलग्न कार्यविधि वमोजिम तहाँ वडा कार्यालयमा योजना छनौट तथा कार्यान्वयन गर्नुभई बालमैत्री स्थानीय शासन कार्यान्वयनमा सहजीकरण गर्नुहुन अनुरोध छ ।

(नेत्रप्रसाद पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**

सादर अवगतार्थः
श्री प्रमुखज्यू, नीलकण्ठ नगरपालिका, धादिङ ।
श्री उपप्रमुखज्यू, नीलकण्ठ नगरपालिका, धादिङ ।

वोधार्थः
**श्री निर्मला के.सी., महिला बालबालिका शाखा, नीलकण्ठ नगरपालिका, धादिङ ।**
(उल्लिखित कार्यविधि वमोजिम बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि सम्पर्क व्यक्ति भई कामकाज गर्नुहुन।)
**श्री वडा सचिव (सबै), नीलकण्ठ नगरपालिका, धादिङ ।**
(उल्लिखित कार्यविधि अध्ययन गरी वडा अन्तर्गतका कार्यक्रम/योजना समन्वय गर्नुहुन)